# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२४ | २०७६ माघ ०८ गते बुधबार | 22 January 2020 Wednesday | मूल्य रु. १०/-


## महिनौदेखि उपप्रमुख सर्म्पकविहीन

मिसन न्यूज

कालिकोट

तिलागुफा नगरपालिकाकी उप-प्रमुख दन्ता नेपाली (दर्शना) महिनौदेखि नगरको सम्पर्कविहिन बनेकी छिन् । उपप्रमुख जस्तो गरिमामय पद भएकी नेपाली जनताको काममा नभई विदेशी मोहमा छन् । विगत लामो समयदेखि अमेरिकातिर घुमफिरमा व्यस्त छन् । यता स्थानीय निकायका सवै नागरिक अचम्मीत भएका छन् । दन्ता नेपाली (दर्शना) ४ महिनादेखि नगरपालिकाबाट सम्पर्कविहीन भएकी हुन् । असोज महिनामा काठमाडौं जान भनि हिडेकी उप-प्रमुख नेपाली त्यसयता नगरपालिकाका फर्केकी छैनन् ।



कालिकोट जिल्लाको तिलागुफा नगरपालिकाकी उप-प्रमुख दन्ता नेपाली (दर्शना) ।

उप-प्रमुख नगरपालिकाबाट सम्पर्कविहीन हुँदा दैनिक कामकाजमा असर परेको छ । नगरपालिकाकी उप-प्रमुख नेपाली असोज महिनामा काठमाडौं जानका हिँडेको जानकारी दिएको त्यसयता नगरपालिकाको सम्पर्कमा नआएको नगरपालिकाका प्रमुख रतनबहादुर शाहीले बताए । 'असोजमा काम विशेषले काठमाडौं जानुपर्ने भो भनेर मलाई जानकारी दिनुभएको थियो,' प्रमुख शाहीले भने, 'अहिलेसम्म कता हुनुहुन्छ । कुनै जानकारी छैन । न त उहाँले नै जानकारी गराउनुभएको छ ।' नगरपालिकाकी उप-प्रमुख नहुँदा अहिले नगरपालिकाको काममा असर परेको प्रमुख शाहीले बताए । 'जनताका काम दैनिक रूपमा गर्नुपर्छ । उहाँ केही समितिको प्रमुख हुनुहुन्छ,' उनले भने, 'उप-प्रमुख नहुँदा समितिका कामहरू पनि प्रभावित भएका छन् ।' नगरपालिकाको उप-प्रमुख न्यायिक समिति, योजना अनुगमन समिति, बजेट कार्यान्वयन तथा सुरपरिवेक्षण समितिको अध्यक्ष रहेकोमा अहिले यी कामहरू अलपत्र परेको नगरपालिकाका प्रमुख शाहीले बताए । 'उप-प्रमुख नहुँदा योजना कार्यान्वयनमा समेत समस्या परेको छ,' उनले भने, 'उहाँ संयोजक रहेका सबै समिति अलपत्र जस्तै छन् ।' योजना अनुगमन समितिको संयोजक उप-प्रमुख नै रहेका कारण अहिले नगरपालिका भित्रका कार्य सम्पन्न भएका योजनाको भुक्तानीमा समेत समस्या भएको नगर प्रमुख शाहीले बताए । नगरपालिकाकी उप-प्रमुख नेपाली विदेश जान लागेको आफुले सुनेपछि बोलाएर छलफल गरेको कालिकोटबाट प्रतिनिधिसभा सदस्य दुर्गबहादुर रावतले बताए । 'उप-प्रमुख विदेश जाने कुरा सुनेपछि मैले बोलाएर उहाँसँग छलफल गरेको थिए,' उनले भने, 'त्यो बेला हल्ला मात्र भएको मलाई बताउनुभयो ।' आफूले विदेश जाने भए राजीनामा दिएर जानुहोस भनेर पनि सुझाव दिएको सांसद रावतले बताए । 'विदेश गएर लामो समय बस्ने भए उप-प्रमुखबाट

बाँकी ८ पेजमा.....

## सरकारलाई विरोध पत्र

कालिकोट - प्रमुख विपक्षी नेपाली कांग्रेसले संसदमा विचाराधीन सूचना प्रविधि र विशेष सेवा विधेयकको विरोध गर्दै देशभरबाट विरोध पत्र पठाएको छ । कांग्रेस जिल्ला कार्यसमितिहरुले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई विरोध पत्र बुझाएका हुन् । कालिकोटमा पनि मान्मको प्रतिमाचोकमा भेला भएर कांग्रेस नेता कार्यकर्ता जुलससहित जिल्ला प्रशासन कार्यालय पुगेका पुगी जिल्ला कार्यसमितिका पार्टी सहसचिव दमन बहादुर शाही, सचिव एसोधा शाही, महाधिवेशन प्रतिनिधि हिक्मत बहादुर विस्टले प्रमुख जिल्ला अधिकारी कृष्नचन्द्र पौड्याल लाई विरोध पत्र बुझाएका छन् । विरोध पत्र बुझाउँदै नेता शाहीले सुचना प्रविधि विधेयकका विषयमा यतिबेला पत्रकार हरुले विषेश रुपमा कलम चलाउनु पर्ने बताए । यस्तै वरिष्ठ नेता हिक्मत विष्टले जसले न्याहाका




लागि कलम चलाउँछ, जसले लोकतन्त्रको र क्षाको लागि बोल्छ उसलाई नै राज्यले गलापासो लगाएको भन्दै सबैले बोल्नै पर्ने वेला आएको बताए । सूचना प्रविधि विधेयकमा सामाजिक सञ्जालमा कसैलाई निरन्तर जिस्क्याए ५ वर्षसम्म जेल वा १५ लाखसम्म जरिमाना वा दुवै सजाय हुन सक्नेसम्म व्यवस्था छ । संसदीय समितिले पनि यही प्रावधानसहित विधेयक पास गरेर संसदमा पठाएको छ । विशेष सेवा विधेयक भने संसदमा दर्ता मात्र भएको छ, जसमा अदालतको अनुमति नलिइ फोन ट्यापिङ गर्न सक्ने लगायतका विवादास्पद प्रावधान समेत छ ।

## पर्यटकको मनमोहक तिलागुफा

मिसन न्यूज

कालिकोट

कालिकोट जिल्लाको तिलागुफा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण पर्यटकको पर्खाइमा छ । भ्रमण वर्ष २०२० लाई लक्षित गरी तिलागुफा ओडारको तिलागुफा नगरपालिकाले पहल शुरु गरेको छ । तिलागुफा नगरपालिका वडा नं. ५ मा पर्ने गुफा संरक्षणका लागि स्थानीय सरकार जुटेको हो ।



कालिकोटको तिलागुफा । तस्विर : मिसन न्यूज

गाउँपालिकाको नामकरण नै यही गुफाको नामबाट भएको गुफामा पर्यटक भित्र्याउने उद्देश्यले तिलागुफा नगरपालिकाले भौतिक पूर्वाधार विकासको पहल गरेको हो । तिलागुफा नगर पालिकाका नगर प्रमुख रतन बहादुर शाहीले बताए । उनका अनुसार आफ्नो नगरपालिकाको प्रमुख पर्यटकीयस्थल यो गुफालाई देश तथा विदेशमा चिनाउन प्रचारको पहिलो आवश्यकता रहेको बताए । 'कर्णालीको प्रमुख पर्यटकीय गन्तव्य राराताल घुम्न आउने पर्यटकहरुले यो गुफा घुमेर जान सक्ने भएकाले पुर्वाधामा पहिलो प्राथमिकतामा राखेर पैदल बाटो निर्माण सम्पन्न गरेका हौं । अब पर्यटकको आवश्यकता छ', उनले भने । गाउँपालिकाको केन्द्रदेखि गुफासम्म जोड्ने पर्यटकीय सडकलाई वडा नं ५को केन्द्रबिन्दु चौडसम्म पुऱ्याउने काम भइरहेको छ । वडा अध्यक्ष टिकाराम न्यौपानेका अनुसार नगर पालिकाको समन्वयमा तिला संरक्षण समिति मार्फत वनभोजस्थल, प्रतिक्षालय र ताल वरि परि पैदलमार्ग निर्माण उपभोक्ता समिति मार्फत भइरहेको छ । निर्माण सम्पन्न गरिएको छ । आन्तरिक पर्यटकहरुको घुंइचो लाग्ने गरेको छ । अब बाह्य पर्यटकको खाँचो रहेको बताए । गुफाको पर्यटन प्रवर्द्धनका लागि जिल्लाबाट गुफाको अवलोकनका लागि आन्तरिक पर्यटकहरु जानेक्रम बढ्दो रहेको छ । गुफाको अवलोकन गर्न आउने पर्यटकका लागि तिला नदीमा ढुंगा निर्माण गर्ने पनि बताउँदै अन्य सम्भावित पर्यटकीयस्थलको विस्तृत वृत्तचित्र र ब्रोसर तयार गरी प्रचार प्रसार गर्न थालिएको बताए । प्राकृतिक धार्मिक महत्व बोकेको सो गुफाको लम्बाइ ४० मिटर तथा चौडाइ करिब ३ मिटर रहेको छ । सो गुफाको बनावट प्राकृतिक रहेको हुनाले यसलाई जस्ताको तस्तै राख्ने र गुफासम्म पुग्नको लागि सडक व्यवस्थापन गर्नुपर्ने वडा अध्यक्ष न्यौपानेले बताए ।

## स्वदेशमै मनग्य आम्दानी

कालिकोट-५ वर्ष साउदी अरबको खाडीमा काम गर्दै आएका रास्कोट नगरपालिका २ का महेश न्यौपाने यतिबेला आफ्नै ठाउँमा गाडी चलाएर मनग्य आम्दानी गर्न सफल भएका छन् । सुरुमा देशमा केही पनि आम्दानीको स्रोत न देखेपछि रोजगारीको लागि साउदी अरबको खाडी मुलुक पसेका न्यौपानेले अहिले आफैले अरुलाई रोजगार प्रदान गर्न सफल भएका छन् । साउदी अरबको ग्यारेजमा गाडी चलाउन सिकेर नेपालमा आएर न्यौपानेले पछि आफ्नै देशमा केही गर्नुपर्छ भन्ने मनासयले नेपालमै आएर जिप खरिद गरी आफैं

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## सुशासनलाइ ध्यानमा राखौं

कर्णालीको विसका र समृद्धिका लागि तिनै तहका सरकारले सुशासनमा ध्यान दिन जरुरी छ । विकासका दृष्टिकोणले पछि परेको कर्णालीमा सवै क्षेत्रले एकजुट भएर लाग्न आवश्यक छ । सुशासन र व्यबहार सुधार गरेमा मात्र विकासले फट्को मार्छ । किनकी वर्षौंवर्षदेखि पछि परेको कर्णालीमा सवै मान्छेका मनहरु अनुशासित र सुशासनमैत्री हुनु पर्छ । विगतको अभाव र गरिवीको उदाहरण मात्र नदिएर विकास र समृद्धिको सन्देश दिने वेला आएको छ । कर्णालीको स्थानिय स्तरमा विकासे काम वर्षेनी हुन्छन । उक्त कामले गुणस्तरीयता पाउने र जनताका पक्षमा भन्दा पनि बाडिचुडि खाने प्रबृति बढेको देखिन्छ । स्थानिय स्तरमा आम नागरिकका जनजिविकासंग सम्बन्धित काम र नेपाल सरकारले स्थानिय निकायहरु मार्फत वितरण गर्ने बजेट समानुपातिक रुपमा विनियोजन नहुनु र भैहालेमा पनि गुणस्तरीय काम नहुनुनले विभिन्न समस्याहरु उत्पन्न भएका छन् । खासगरि बजेटमुखि विकास आयोजनाहरुमा अनुगमन र पारदर्शिताको खाचो देखिन्छ । त्यसकारण पछिल्लो सम थानि नागरिकहरु समेत सचेत हुन थालेका छन् । नागरिकहरुको सचेतताका कारण विकाशे आयोजनामहरुमा सरकारी रकमको दुरुपयोग रोक्न सकिन्छ ।

नागरिकहरुले गाउँपालिका तथा नगरपालिकामा भईरहेको विकासे कामहरुको प्रभावकारी अनुगमन भएमात्रै खास विकाशको लगानि सहि सदुपयोग हुन्छ । समयमा अनुगमन नहुँने र भएपनि प्रभावकारी रुपमा नहुँदा बेथिती मौलाईरहेको चिन्ताप्रति नागरिकको चासो देखिन्छ । स्थानीय तहको वजेट शिर्षक अनुसार नै खर्च हुन जरुरी छ । हाल एक शिर्षकको बजेट अर्कै शिर्षकमा खर्च गरिरहेको पाईएकाले यसलाई रोक्नुपर्ने देखिन्छ । त्यसका लागि जस्ले रकम खर्च गर्ने हो सोहि पक्ष वा राजनितिक दलहरु होइन कि तेस्रो पक्षलाई सशक्त भुमिका दिएर त्यसको प्रभावकारी अनुगमन र नियमनको कार्य गर्न जरुरी छ । नत्र भने, विकाशमा लगानि बालुवामा पानी हुने अवस्थाको श्रृजना हुन बेर लाग्दैन । समयमै प्रभावकारी सयन्त्र बनाएर स्थानिय स्तरमा आम नागरिकहरुको चासो र मुद्दालाई सम्बोधन गर्दै अनुगमन र नियमनको कार्य प्रभावकारी बनाउन आवश्यक छ । कर्णालीका ७९ वटै स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले कर्णालीको भविष्य हेरेर काम कार्वाही गर्न कुनै पनि कन्जुसाई गर्न हुँदैन । विकासे कामलाई निरन्तर अगाडी बढाउँन सवैले हातेमालो गर्न जरुरी देखिन्छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# अनुदानमा सोलार वितरण

**मिसन न्यूज**
**कालिकोट**

नरहरिनाथ गाउँपालिकाले गाउँपालिकामा रहेका ४ हजार ७ सय ९५ घरधुरीलाई अनुदानमा सोलार वितरण गरिरहेको छ । उज्यालो गाउँपालिका बनाउने उद्देश्यका साथ बैकल्पिक उर्जा प्रवद्धन केन्द्र र नरहरिनाथ गाउँपालिकाको अनुदानमा ५० देखि ५५ वाटको सोलार चार



हजारमा सोलार होम्स प्रालीले वितरण गरिरहेको छ । गाउँपालिका विद्युतीकरण नभएपछि वैकल्पिक ऊर्जा प्रवद्धन केन्द्रसँगको सहकार्यमा स्थानीयलाई अनुदानमार्फत सोलार प्रदान गरेको हो । सबै सोलारमा ११ हजार अनुदान दिइएको गाउँपालिकाले जनाएको छ । चाँडै विद्युतीकरण हुन सक्ने सम्भावना नरहेकाले सोलार होम्स नेपाल प्रालिको सहयोगमा गाउँपालिकाले अनुदानमा सोलार वितरण गरेको गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टले बताए । पहिलो चरणमा झण्डै २ हजार ७ सय ४७ सोला वितरण गरिसकिएको छ । गाउँपालिकाले अनुदानमा सोलार वितरण गरेपछि स्थानीय नागरिक भने खुसी भएका छन् । नरहरीनाथ गाउँपालिकाका स्थानियवासीहरु अँध्यारोबाट मुक्ती पाउने भन्दै उनीहरु खुसी भएका हुन् । अँध्यारोमा बस्दै आएका नरहरीनाथ गाउँपालिकाका करिब ४ हजार ७ सय ९५ घरधुरीमा सोलार अनुदानमा वितरण भएपछि पालिका भित्र बसोवास गर्ने स्थानिय उज्यालोमा बस्न पाउने भएका छन् ।

नरहरीनाथ गाउँपालिकामा जलविद्युतको पहुँच नभएकाले वैकल्पिक उर्जाले गाउँपालिकामा अध्यारोमुक्त गाउँपालिका बनाउने उद्देश्यले पालिकाको सहयोगमा अनुदानमा सोला विरतण गरिएको सोलार होम्स प्रालिका संचालक रामबहादुर बटालाले बताए । उनले भने, 'बैकल्पिक उजाको १० हजार अनुदान र गाउँपालिकाको १ हजार अनुदानमा हामीले ५० देखि ५५ वाटका सोलार वितरण गरिरहेका छौं ।'

'अव माघ १५ सम्म गाउँपालिकामा रहेका सम्पूर्ण घरधुरीमा सोलार पुऱ्याइ सक्ने छौं । पहिला बालवालिकाको पढाई अधुरो हुन्थ्यो, जंगलमा पाउने झरो बालेर पढ्ने दिन गए ।' नरहरिनाथ गाउँपालिका वडा नं २ का वडाध्यक्ष प्रेम दर्जीले भने, 'अब आफू र आफ्नो परिवारमा झरो बाल्नु पर्ने, टुकी बाल्नु पर्ने, निगालो बाल्नुपर्ने दिन गए ।' नरहरीनाथ गाउँपालिका अध्यक्ष धिर बहादुर विष्टले दुइवर्षको मेहेनतपछि स्थानियलाइ अनुदानमा सोलार वितरण गर्न पाएको बताए ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# संसदमा विपद् पर्यो सवै उद्धारमा जुटौं



**लक्ष्मण बम**

आज सामिजिक संजाल देखि चोक ,गल्ली ,धारा पधेरामा नेता देखि जनता सम्मले हल्लिखल्लि गरिरहेको देख्दा म अचम्मित भएकरु छु। के हो त एम सि सि ? संसदमा बिपत आएकै हो त ? कि केहि कुराकरुो प्रस्ताव हो ? नम्बर (१)धारा ३ को दफा ३(२ (च) - सम्पूर्ण बौद्धिक सम्पतिमा अमेरिकाको पुर्ण अधिकार हुनेछ। नम्बर (२)धारा ३ को दफा ३ (८ ) क - परियोजना को लेखा परिक्षण अमेरिकी कम्पनीले मात्र गर्न सक्नेछ। नम्बर (३) धारा ५ को क र ख - अमेरिकी कम्पनी ले चाहेमा यो सम्झौता रद्ध गर्ने छ। नम्बर (४) धारा ७ को दफा ७ को (क )( प्रस्तुत सम्झौता लागु भएपछि प्रस्तुत सम्झौतामा उल्लेखित नेपाली राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ। नम्बर (५)अनुसुचि १ (ग) को २ - यश परियोजनामा नेपाल सरकारले राज्यका कुनैपनि निकाएलाई खटाउदा एम सिसिको अनुमति लिनु पर्नेछ। नम्बर (६) अनुससचि (४) क - नेपाल सरकारले एमसिसिलाई चित्त बुझ्ने योजना तयार पारि पठाउनु पर्नेछ र त्यस्तो योजना इन्डियाले सम्रर्थन गरेको हुनुपर्नेछ। यो के हो ? सबैलाई पढ्न त आउछ होला हैन त कि कसो ? साच्चै मेरो आफ्नै मात्र बुझाईले आक्रोस हैन दया लागेर आएको छ।

मलाई त संसदमा यो चट्टिकला देख्दा र सहभागी अग्रजहरुको हारगुवार पोखिएको देख्दा बिपतनै आइरहेको छ हामी सबैले उद्धारमा जुट्न तयार हुनुपर्छ। जो कोहिले सहजै बुझ्न सक्छ र वाकलत गर्छ संसद भबन नेपाल र नेपालीको भबिष्य निर्माण गर्ने र निर्माता को बहस गर्ने थलो हरुो। किनकि हजारौं को बलिदानि लाखौको योगदानि र करोडौंको को प्ररिश्रम र मेहनेत ले सृजित एक मात्र क्षेत्र हो । यहाँ सक्षम ,सबल ,कर्मठ, परिवर्तनशिल, जुझारु ,शिर्जनसिल,दक्ष, अनुभबि, ज्ञानी र जसि ब्याक्तित्व हरुलाई घाम पानि, हावा हुरि, बिकिरण र सितबाट जोगाएर गरिब निमुखाले छानि छानि पठाएका हुन्छन। त्यहि एक छाक टार्न धरुौधौ हुने गरिबको पसिना र रगतबाट जन्मिएका ब्याक्तित्व ले सडकमा आएर फेरि एक पटक मेहनत गर्न गुवार मागेका हुन या कोहि संसद भित्र सामल बोकेर आएका छन भनेर जानकारि दिएका हुन यस्मा हामी दोधारमा परेका छौ। यो प्रस्ट पार्न जरुरि छ। एम सि सि गलत छ हो ? संसदमा सहि र गलत छान्न नसक्ने पनि हुनुहन्छ त ? संसदमा आएका प्रस्ताव संसदले ल्याउछन वा कोहि पाउनाले पनि ल्याउन पाउँछन् ? संसदभित्र कोहि नारद कोहि राम अनि कोहि रावण पनि छन त ? प्रस्ताव पास गर्न बहुमत र अल्पमतले काम गर्न छोडेकै हो त ? आज जनमानसमा यी प्रश्नले खेलिरहेका छन। अच्चमित छन आजित छन ,यहाँ ताजुवमा डुबेका छन। के का लागि र कस्का लागि बहस हुदैछ, किन हुदैछ बहस ,संसदको जिम्मेवारी दिएर पठाएका छन जनताले संसदभित्र का कुरा सडकमा ल्याएर परुोखेर लोगप्रियता हासिल गर्ने सपना अधुरै रहन्छन अब एजेन्डामा रमझम हैन सकृय भएर काम देखाए आफै लोगप्रिय भईन्छ यो सत्य कुरा हो। गोहिको आँसुले अबको दुनियामा कुनै अर्थ राख्ने वाला छैन स्वाधिनताको लडाई कसरी लड्नु पर्छ भनेर आन्दोलनमा गुमेका हातका औलाले स्वस्तिक छाप लगाउने सँग अर्ति माग्न पुगेपनि कुनै फरक पर्दैन हैन छाप हान्नु अघि सबै बुझर नै आउनु भएको छ खुट्टा र हात कमाउन जरुरि छैन। ६६ अर्ब एन सेलललाई दान छोड्ने ले किन ६५ अर्बमा अस्मिता लुटाउने यो पैसाले कर्णालिमा एक पुल लाग्दैन लालसो नगरे हुन्छ। बिकाश धनले मात्र हैन मन पनि चाहिन्छ। यहाँ संसद बचाएर सहि नियम र कानुन बनोस् ६५ अर्ब के खर्ब एक घन्टामा दान गर्न तयार छन स्वाभिमानी नेपाली अहिले मिडियाको दुनियामा सबैले अबलोकन गर्न सकिन्छ बिदेशमा पसिना बगाएर स्वदेशमा हात गुमाउनेलाई करोडौं सहयो गर्छन। बारिमा पसिना बगाएर मृगौला, मुटु र कलेजो पिडित लाई बिना सर्त बचाउन तयार छन आज नेपाली यो जाबो ६५ करोडका लागि किन यत्रो मरिहत्ते यो किन हुदैछ पद कि प्रतष्ठाका लागि को हो त प्रस्ताबक जनताको मतले पावर फुलवाला वा उतैबाट सामलतुमल गरेर सिधरुौ संसद छिर्नेवाला यहि आज जनता जान्न चाहान्छन र सडकमा यो कुरा मात्र आउनु पर्छ। यस्को उद्धारमा जनता खटिन तयार छन। संसद भित्रको दुई दिहाईमा पनि भुकम्प आएको हो या अनिदो ले च्यापि रहेको छ।

कतै चिच्याट देखिन्छ कम्युनिष्ट सरकार अथवा अहिलेको दुईतिहाई सरकार असफल गर्न यो खेल खेलिदैछ यो स्वलोक हो या हरफ हो कुन संग्रह र ग्रन्थ बाट झिकिएको हो हैन भने किन रड्ने काम भैरहेको छ। बिधिले चल्ने संसदमा किन छैन दुई तिहाईको धम्कि दुईतिहाइले अस्इकार गरेर डस्बिनलाई काम दिन किन ढिलाई के दुई तिहाईको धम्कि भोट हाल्ने निमुखा जनता लाई दिनलाइ मात्र हो त ? के हुदैछ मेरो देशमा हिजो को एक मिडियामा गगन थापाले खुलेर बिरोध गर्नुभएको छ यो राष्ट्रघाति छ कुनै हालतमा पास गर्नु हुन्न यहाँ पनि संका छ वहाँ दुईतिहाइ सरकार सफल गर्न कि लोगप्रियता हासिल गर्ने कित स्वाधिनताको लडाइँमा तल्लिन भएर जनता जननिको रक्षामा इमान्दारी ता प्रकट गर्नु भएको हो। यो अस्थामा दलाल र सामल बोक्ने हरुलाई एक कुनामा राखेर स्वाधिनताको लडाइँमा पार्टी हैन सच्चा देश भक्त हरु मिलेर अघाडि बढ्नु अहिले को आबस्यकता हो। कित सबै शक्ति र सबै क्षेत्रति हारगुवार सुरु गर्ने हो अब यस्तो पनि त संका पैदा हुन्छ संकटको बेला नेपाली उखान छ छिउ आए पुर्ब हेराई लाग्छ। तर यसरुले आध्यात्मक बादलाई बिस्वास गर्नै पर्ने होत यदि यस्लाई बिस्वास गर्नेहो भने हाम्रो धर्म र सस्कृतिको को मुटु पसुपतिमा पुजारी बिदेशि भएर स्वाधिनता माथि नरुै प्रस्न चिन्न खडा भएको त हैन संका पैदा भएर आउछ धार्मिक भक्त बन्ने हो भने यस्तै कुराले आज खेल्ने ठाउँ पाएको छ। थुप्रै मित्रहरुले सामाजिक संजालमा आफ्ना आक्रोस पोखेको देखे यति सम्म कि एम सि सि मुर्दाबाद ! संसदमा आएको प्रस्ताब खारेज गर ! एम सिसि प्रस्ताव धोका हो ! धन्यवाद छ सम्पुर्ण स्वाधिन मन हरुलाई मार्क्सवाद मान्ने हुनाले क्रान्तिकारी वा स्वाभाब देखाउनेलाई भगवान ठान्छु र पुजा गर्छु ।यति सम्म कि एम सि सि मुर्दाबाद ! संसदमा आएको प्रस्ताब खारेज गर ! एम सिसि प्रस्ताव धोका हो ! धन्यवाद छ सम्पुर्ण स्वाधिन मन हरुलाई मार्क्सवाद मान्ने हुनाले क्रान्तिकारी वा स्वाभाब देखाउनेलाई भगवान ठान्छु र पुजा गर्छु यहि कुरामा गर्व गर्छु किनकि देशलाई संकट जब पैदा हुन्छ सडकमा आवाज उठ्छ यस्ले जस्तो रुप दिएपनि अखिर आव्यकता परिपुर्ति गरेकरु हुन्छ। तर अर्को पटि मुन्टो कतिखेर निउराउनु पर्ने देखाउछ यो परिस्थिति ले जब सदन भन्दा सडकमा आवाज उठ्न थाल्छ संसदमा पैदा भएको संकटलाई लिएर त्यस बेला संसद भन्दा सडकमा स्वाभिमानि , इमान्दार , देशभक्त ,बफादार ,जुजारु,कर्मठर र प्रगतिशील छन भन्ने कुराको महसुस आममा हुन आउछ। यस्ले संसदलाई मात्र हैन नेपाली राजनिती लाई नै संकटमा पारेको छ र बृतिष्णाको श्रोत बनाई दिएको छ। यस बिषयमा गम्भीर ध्यान जान जरुरि छ र बहसमा केन्द्रीकृत हुन जरुरि छ। बालुवामा पाईपको पानिले केही असर गर्दैन कित नहर बनाउनु पर्छ कित बालुवालाई माटोमा रुपान्तरण गर्ने विधि अपनाउनु पर्छ। नत्र यो संघियता ,यो गणतन्त्र र यो संविधान घाममा सुक्ने बाहेक अरु कुनै बिकल्प छैन। अहिले देशमा बहस बिदेशि लगानिको हैन राजनिति स्थिरता,गणतान्त्रिक नेपालको संस्थागत र लामो धन्द र प्राकृतिक बिपदबाट घाईते भएको मुलुकलाई ब्यबस्थापन गर्नु नै है। हतारो किन सरकार पाँच बर्ष चलाएर ग्रिन काटको पर्खाइमा हो चिन्ता किन लाईनमा हामी जनता छौ अहिल्यै छोडेर जान पाउने तपाईको मानव अधिकारले दिएकै छ।

तपाईं को बिधाईमा मन मात्र दुखाउन सक्छौ बिदाई गर्न तयार रहन्छौ दुख पीडा र मिलन बिछोडबाट कडा मुटु बनेका नेपालि हौ तर स्वाभिमान र स्वाधिनता लाई सति लैजान छुट छैन र यरुो कोहि कसैका लागि एक रति पनि पक्षमा रहदैन यो बुझ्न जरुरि छ। हामि नेपाली सबै कुरा पचाउदै आएका छौ। नचाएरै राजा गुमाएका छौ ,नचाएरै मदन भन्डारि,रबिन्द्र अधिकारी ,सुशील कोईरेला , ग्रिजा प्रसाद कोईरेला कृष्णप्रसाद भट्टराई , गंगालाल श्रेष्ट, माहान जनयुद्ध मा त हजारौं एकै चिहानमा यिनै हातले दास स्कार गरेका छौ त खाडिको चर्को गर्मि कसैले आधा जीवन त कसैले पूरा जीवन गुमाएर घर फर्केका छौ त को हि त्यतै बसका छन अन्तरास्ट्रिय विमान स्थलमा दैनिक हजारौको आँसु बगेको देखिन्छ यसैले हामी नेपालीको चट्टान सरि मन बनाई दिएको छ। अब सबैले सामाधान खोज्न जरुरि छ कोहि सति जाने त कोहि सहिद हुने संकेत छ किनकि एम सिसि प्स्ता रहेन संसद भबन भित्र आएको बिपत नरुै हो बिपतमा कसैले ढिलासुस्ती गर्न हुदैन आफ्नो क्षामता अनुसारको सहयोगमा जुट्न जरुरि छ र संसद भबनलाई बचाउन अहिलेको आबस्यकता हो र हामी सबैको भलाई यसै भित्र छ। म धेरै जानणने र सबैभन्दा माथिबाट निर्देसन दिन खोजेको पनि हैन अन्यथा नजाहोस् देखेको र यहि देशको एक राजनिति लठुवा भएकै कारण छताछुल्ल भएको स्वाभिमानमा आफ्नो मत मात्र राखेको छु। एम सिसि धोका हो जय स्वाभिमान ,जय संसद भबन। कुरामा गर्व गर्छु किनकि देशलाई संकट जब पैदा हुन्छ सडकमा आवाज उठ्छ यस्ले जस्तो रुप दिएपनि अखिर आब्यकता परिपुर्ति गरेकरु हुन्छ। तर अर्को पटि मुन्टो कतिखेर निउराउनु पर्ने देखाउछ यो परिस्थिति ले जब सदन भन्दा सडकमा आवाज उठ्न थाल्छ संसदमा पैदा भएको संकटलाई लिएर त्यस बेला संसद भन्दा सडकमा स्वाभिमानि, इमान्दार, देशभक्त ,बफादार, जुजारु, कर्मठर र प्रगतिशील छन भन्ने कुराको महसुस आममा हुन आउछ। यस्ले संसदलाई मात्र हैन नेपाली राजनिती लाई नै संकटमा पारेको छ र बृतिष्णाको श्रोत बनाई दिएको छ। यस बिषयमा गम्भीर ध्यान जान जरुरि छ र बहसमा केन्द्रीकृत हुन जरुरि छ। बालुवामा पाईपको पानिले केही असर गर्दैन कित नहर बनाउनु पर्छ कित बालुवालाई माटोमा रुपान्तरण गर्ने विधि अपनाउनु पर्छ। नत्र यो संघियता, यो गणतन्त्र र यो संविधान घाममा सुक्ने बाहेक अरु कुनै बिकल्प छैन। अहिले देशमा बहस बिदेशि लगानिको हैन राजनिति स्थिरता, गणतान्त्रिक नेपालको संस्थागत र लामो धन्द र प्राकृतिक बिपदबाट घाईते भएको मुलुकलाई ब्यबस्थापन गर्नु नै है। हतारो किन सरकार पाँच बर्ष चलाएर ग्रिन काटको पर्खाइमा हो चिन्ता किन लाईनमा हामी जनता छौ अहिल्यै छोडेर जान पाउने तपाईको मानव अधिकारले दिएकै छ।

तपाईं को बिधाईमा मन मात्र दुखाउन सक्छौ बिदाई गर्न तयार रहन्छौ दुख पीडा र मिलन बिछोडबाट कडा मुटु बनेका नेपालि हौ तर स्वाभिमान र स्वाधिनता लाई सति लैजान छुट छैन र यरुो कोहि कसैका लागि एक रति पनि पक्षमा रहदैन यो बुझ्न जरुरि छ। हामि नेपाली सबै कुरा पचाउदै आएका छौ। नचाएरै राजा गुमाएका छौ ,नचाएरै मदन भन्डारि,रबिन्द्र अधिकारी ,सुशील कोईरेला , ग्रिजा प्रसाद कोईरेला कृष्णप्रसाद भट्टराई , गंगालाल श्रेष्ट, माहान जनयुद्ध मा त हजारौं एकै चिहानमा यिनै हातले दास स्कार गरेका छौ त खाडिको चर्को गर्मि कसैले आधा जीवन त कसैले पूरा जीवन गुमाएर घर फर्केका छौ त को हि त्यतै बसका छन अन्तरास्ट्रिय विमान स्थलमा दैनिक हजारौको आँसु बगेको देखिन्छ यसैले हामी नेपालीको चट्टान सरि मन बनाई दिएको छ। अब सबैले सामाधान खोज्न जरुरि छ कोहि सति जाने त कोहि सहिद हुने संकेत छ किनकि एम सिसि प्स्ता रहेन संसद भबन भित्र आएको बिपत नरुै हो बिपतमा कसैले ढिलासुस्ती गर्न हुदैन आफ्नो क्षामता अनुसारको सहयोगमा जुट्न जरुरि छ र संसद भबनलाई बचाउन अहिलेको आबस्यकता हो र हामी सबैको भलाई यसै भित्र छ। म धेरै जानणने र सबैभन्दा माथिबाट निर्देसन दिन खोजेको पनि हैन अन्यथा नजाहोस् देखेको र यहि देशको एक राजनिति लठुवा भएकै कारण छताछुल्ल भएको स्वाभिमानमा आफ्नो मत मात्र राखेको छु। एम सिसि धोका हो जय स्वाभिमान ,जय संसद भबन।

**(लेखक : कालिकोट पलाँता गाउँपालिकाका अध्यक्ष हुन् )**

# सहयोगापेक्षी सडक मावनमुक्त प्रदेश घोषणा

मिसन न्यूज
सुर्खेत




कर्णाली प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको छ। प्रदेशका दश जिल्लाकै बेसहारा, असहाय, अशक्त र अभिभावक विहिनहरुलाई उद्धार गरेर आश्रममा राखेपछि शनिवार सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको हो । कर्णाली प्रदेशमा रहेका बेसहारा, असहाय, अशक्त र अभिभावक विहिनहरुको संरक्षण सरकारले गरेपछि सयोगापेक्षी मावनमुक्त प्रदेश घोषणा गरिएको छ। प्रदेशका विभिन्न जिल्लामा अभियान नै सञ्चालन गरेर वेसहाराहरुको उद्धार गरेर मावन सेवा आश्रममा राखेपछि प्रदेशको सामाजिक विकास मन्त्रालयले सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरेको हो ।

बेसहाराहरुले अब सडकमा देखिए तत्काल उनीहरुको उद्धार गरेर आश्रममा राखिनेछ । कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बेसहाराहरुको व्यवस्थापन गर्ने जिम्मा सरकारको भएको बताए । उनले बेसहाराहरुको उद्धार, पालपोषण, उपचार तथा पारिवारिक पुनर्मिलन गराउने दायित्व सरकारको भएको उल्लेख गरे । अपांगता भएका, शारीरिक रुपमा अशक्त भएका, मानसिक रोगी भएका सहयोगापेक्षी व्यक्तिकालागि उपचारको पनि व्यवस्था गरिने बताउँदै मुख्यमन्त्री शाहीले भने, 'यसका साथै उनीहरुले सिकेका सीपबाट उत्पादन गर्न लगाउने र त्यसो गर्दा आम्दानीका साथै उनीहरुको समय पनि सहज रुपमा बित्ने हामीले देखेका छौं। सामाजिक विकास कार्यालयबाट प्रदेशका १० ओटै जिल्लामा भवन बनाउने र व्यवस्थापन गर्नेछौं।' मुख्यमन्त्री शाहीले ज्येष्ठ नागरिक ज्यूँदो इतिहास भएको बताउँदै उनीहरुको सीप, ज्ञान सबैले लिनैपर्ने बताए । सडक तथा विभिन्न धार्मिक स्थलमा परिवारबाट वेवस्थाका कारण मानसिक रोगबाट पीडितहरुलाई उद्धार गरेर वीरेन्द्रनगरको मानव सेवा आश्रममा राखिएको छ । आश्रममा हाल ५३ जना सडक बालबालिका, अशक्त, अपाङ्ग र मानसिक रोगीहरु छन् । उद्धार गरिएकाहरुमध्य प्रदेशका अन्य जिल्लाहरुको तुलनामा सुर्खेतमा भेटिएका बेसहाराहरु बढी छन् । सामाजिक विकास मन्त्रालय र वीरेन्द्रनगर नगरपालिकाले आश्रममा रहेका बेसहाराहरुलाई आर्थिक सहयोग गरिरहेका छन्। आश्रममा रहेका मध्य हालसम्म १३ जनालाई परिवारसंग पुनर्मिलन गराइएको छ। सरकारले सडक बालकालिकाहरुलाई आमाघर, वृद्धवृद्धालाई प्रशान्ति वृद्धाआश्रम र अन्य अशक्तहरुलाई मानव सेवामा आश्रममा राख्ने व्यवस्था मिलाएको छ। कार्यक्रमको आयोजना वीरेन्द्रनगर नगरपालिका, मानव सेवा आश्रम सुर्खेत, जिल्ला प्रशासन कार्यालय सुर्खेत र सामाजिक विकास मन्त्रालयले गरेको थियो । घोषणा पूर्व मंगलगढी चोकबाट ऱ्याली निकाली जिल्ला समन्वय समितिमा गई सभामा रुपान्तरण गरिएको थियो ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी भिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# खस भाषामा पठनपाठन सुरू

मिसन न्यूज

जुम्ला

जुम्लामा नेपाली खस भाषामा पठनपाठन सुरु गरिएको छ । यहाँको तातोपानी गाउँपालिकाले खस भाषामा पठनपाठन सुरु गरेको हो । यहाँका भाषाको पाठ्यपुस्तक अध्ययन गर्ने छन् । स्थानीय खष भाषामा आधारित पाठ्यपुस्तकको अध्ययन हुने भएपछि पुरानो संस्कार र संस्कृतिको संरक्षण हुने अपेक्षा गरिएको तातोपानी गाउँपालिका अध्यक्ष नवराज न्यौपानेले बताए । कक्षा १ को



२५ विद्यालयमा स्थानीय खस भाषमा पाठ्यपुस्तक निर्माण गरी पठनपाठन सुरु भएको गाउँपालिकाले जनाएको छ । लोपोन्मुख खस भाषालाई जोगाउनका लागि गाउँपालिकाले पाठ्यपुस्तक तयार गरी विद्यालयमा पढाउने व्यवस्था गराएको गाउँपालिका अध्यक्ष नवराज न्यौपानेले बताए । गाउँपालिका भरीका २८ विद्यालय मध्ये २५ विद्यालयको १ देखि ३ कक्षामा शैक्षिक सत्र ०७५र ०७६ मा अध्ययन अध्ययन सुरु गरिएको थियो । आगामी फागुन महिनादेखि सुरु हुने नयाँ शैक्षिक सत्र ०७६/०७७ मा ४ र ५ कक्षामा पनि पठनपाठन सुरु हुने तातोपानी गाउँपालिका शिक्षा शाखाका प्रमुख छायादत्त चौलागाईले बताए । आगामी नयाँ शैक्षिक सत्रमा कक्षा १ देखि ५ सम्मका ३ हजार ८ सय ५१ विद्यार्थीले खस स्थानीय पाठ्यपुस्तकमा प्राकृतिक स्थल, तातोपानी धारा, भण्डार वन, भुरीचुला, नदै डाव, बुदबुदी धाम, इमिल्या मन्दिर, सुन्दरगाउँ मष्टो मन्दिर, बाबिरा मष्टो मन्दिर, ठाकुर ज्यू मन्दिर, ऐतिहासिक गुरुफोक्टो, बानिया दियार, लछ्रालकृतिक पैकेलो र दरबार जस्ता विषयबस्तु समेटिएको शिक्षा शाखा प्रमुख चौलागाईले बताए । त्यसैगरी २ र ३ कक्षाको पाठ्यपुस्तकमा पनि प्राकृतिक धार्मिक र ऐतिहासिक सम्पदा सहित कालीमार्सी धान, फापर, कागुनो, स्याउ, सिमिलगायत स्थानीय कृषिजन्य बाली पाठ्यपुस्तकमा समेटिएको छ । यार्सागुम्बा, घुच्चीच्याउ, भूल्तया, हात्तिजडा जस्ता जडीबुटी सम्बन्धि पाठ्यपुस्तकमा विषयवस्तु राखिएको

बाँकी ८ पेजमा.....

# मगर सांस्कृतिक संग्रहालयको शिलान्यास

मिसन न्यूज

सुर्खेत

माघे संक्रान्तिको अवसर पारी कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मगर सांस्कृतिक संग्रहालयको शिलान्यास गरिएको छ । कर्णाली प्रदेशका गर्नुस् ।' उनले मुलुकको सामाजिक, राजनीतिक परिवर्तनमा मगर समुदायको योगदान महत्वपूर्ण रहेको बताउँदै राजनीतिक आन्दोलन समाप्त भएकोले अब आफ्नो समुदायको पहिचान रक्षा गर्नतर्फ ध्यान दिनुपर्ने विचार व्यक्त गरे । बजेट



मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले वीरेन्द्रनगर नगरपालिका-९ मा स्थापना गरिएको मगर समुदायको सांस्कृतिक संग्रहालयको शिलान्यास गरेका हुन् ।

संग्रहालयको शिलान्यास गर्दै मुख्यमन्त्री शाहीले मगर भाषा लोप हुने अवस्थामा पुगेकाले संरक्षण गर्नुपर्नेमा जोड दिए । 'मगर भाषा लोप हुने अवस्था रहेको छ', उनले भने, 'आफ्नो भाषाको लिपि तयार गरि छोराछोरी पढाउनूस् ।' आफ्नो भाषाप्रति गौरव गर्न मगर समुदायलाई आग्रह गर्दै मुख्यमन्त्री शाहीले मगर संस्कृतिको रक्षा अरू कुनै जाति र समुदायले नगर्ने बताए । 'मगर समुदायको भाषा र संस्कृति अरूले संरक्षण गरिदिने होइन, गर्दैनन् पनि, तपाईहरू आफैंले गर्ने हो,' उनले भने 'आफ्नो भाषाप्रति गौरव अभावकै कारण संग्रहालय निर्माणमा अवरोध नहुने उनको भनाइ थियो । 'भाषा संस्कृति एवं विभिन्न जातजातिका भेषभुषाको संरक्षण गर्नु अबको चुनौती रहेको भन्दै मुख्यमन्त्री शाहीले भने, 'आयातित संस्कृतिको नक्कल नगरी सबै नेपालीले आ-आफ्नो जातजातिको भेषभुषाको प्रयोग गर्नुपर्छ ।

'मगर संघका संस्थापक अध्यक्ष अनरी क्याप्टेन जहरसिंह थापाले निःशुल्क दान गरेको दुई कट्ठा जग्गामा ३ करोड, ६८ लाख, ६८ हजार लागतमा संग्रहालय निर्माण शुरु भएको हो। निर्माण समितिका संयोजक आशुराम सोमैमगरले प्रदेश सरकारले ७५ लाख, सुर्खेत-२ का प्रतिनिधिसभा सदस्य नवराज रावतले १० लाख र मगर समुदायबाट

बाँकी ८ पेजमा.....

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साँझ पख सधैं ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइ दए पछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# उपल्लो डोल्पामा हिउँ पूजा

मिसन न्यूज

डोल्पा

उपल्लो डोल्पाको पुग्मो गाउँमा हिमपातले जनजिवन प्रभावित पारेपछि हिउँ रोक्न लामा पूजा गरिएको छ । लामाहरुले आफ्नो रिति रिवाजमा पुजा गर्ने गरेको सामाग्रि लगेर हिउँको थुप्रोमा वसि हिउँरोक्न पुजा गर्न थालिएको हो । पूजा गरेर हिउँ पर्न रोकिएर घाम लागोस् भनेर पुग्मो गाउँका स्थानीयले सामुहिक पूजा गरिसकेपछि हिउँ पर्न रोकिएको बैजीले दावी गरे ।


धेरै हिउँ परेपछि ठाउँ ठाउँमा हिम पहिरो खस्ने र त्यसबाट जन धनको ठूलो क्षति हुने भएकाले छिटै हिउँ रोकिएर कुनै क्षति नहोस् भनेर सबैले



लगातार तीन दिनसम्म हिउँ परेपछि रोक्नका लागि हिउँको थुप्रोमै बसेर लामा पूजा गरिएको शे-फोक्सुण्डो गाउँपालिका ९ पुग्मोका स्थानीय रिरिजन बैजीले जानकारी दिए । धर्म गुरु गेखो रिन्छेन ग्याल्छेनको नाममा रहेको स्तुपामा लामा गुरु लामाको स्तुपामा सामुहिक पूजा गरेको बैजीले बताए। लगातार तीनदिनसम्म परेका हिमपातका कारण उपल्लो डोल्पामा पाँच फिटसम्म हिउँ जमेको र घरबाहिर निस्कन समेत कठिन भएको स्थानीयले बताए ।

# मिर्गौलामा समस्या देखिए यस्ता लक्षण

जब मिर्गौलामा कार्यक्षमता कम हुन्छ वा फेल हुन्छ, शरीरमा रहेको विषाक्त रासायनिक पदार्थ, तरल पदार्थ आदि वाहिर निस्कन पाउँदैन । मिर्गौलामा जटिल समस्या भनेको, यो खराब भएको अन्तिम अवस्थामा मात्र थाहा हुन्छ । साथै उपचार विधी पनि महंगो हुनेगर्छ । त्यसैले संभव भएसम्म मिर्गौलालाई स्वस्थ राख्न प्रयास गर्नुपर्छ ।



### लक्षण

- मिर्गौलामा समस्या हुँदा पिसाबको मात्रा र पिसाब हुने समयमा परिवर्तन हुन्छ ।,- पिसाबको मात्रा अचनाक कम हुन्छ वा बढ्छ ।,- पिसाबको रंग गाढा हुन्छ ।,- पटक पटक पिसाब आएको महसुष हुन्छ तर, पिसाब आउँदैन ।,- पिसाब गरेको गर्दा दुख्छ ।,- पिसाबमा रगत देखिन्छ । - हात, खुट्टा, अनुहार सुन्निछ ।,- अत्याधिक शारीरिक थकावट तथा कमजोरी महसुष हुन्छ ।,- चिडचिडापन आउँछ । कुनैपनि काममा एकाग्रता हुँदैन ।,- हरेक समय चिसो महसुष हुन्छ ।,- छाला चिलाउन थाल्छ ।,- मुखमा दुर्गन्ध आउँछ ।,- वान्ता हुन्छ ।,- भोक लाग्दैन ।,- सास लिन असुविधा हुन्छ ।,- हरेक समय कम्मरको भाग दुख्छ ।

### के कारणले हुन्छ मिर्गौलाको समस्या

जब मिर्गौलामा अत्याधिक दबाव वा तनाव हुन्छ, यस्तो परिस्थितीमा मिर्गौलामा समस्या हुन्छ ।

१. उच्च रक्तचापले मृगौलालाई असर गर्न सक्छ । किनभने उच्च रक्तचापमा हाम्रो रक्त धमनीमा अत्याधिक दवाव पर्छ । यसले हृदय रोग निम्त्याउन सक्छ ।

२. यदि मधुमेहका रोगीले मधुमेहमा नियन्त्रण गर्न सकेन भने शरीरमा अत्याधिक ग्लुकोजको निर्माण हुन्छ । यहि ग्लुकोज जम्मा हुँदा मिर्गौलामा हुने स-साना फिल्टरमा समस्या हुन्छ । त्यही कारण मृगौलाले शरीरको विषाक्त पदार्थ बाहिर निकाल्न सक्दैन । फलत, मिर्गौलामा खराब हुनसक्छ ।

३. जब हाम्रो शरीरमा अचानक रक्तप्रवाह रोकिन्छ, त्यस्तो अवस्थामा पनि मृगौलाले काम गर्न छाड्छ ।

४. जब हाम्रो शरीरले मुत्र त्याग गर्न असमर्थ हुन्छ, यस्तो परिस्थितीमा पनि हाम्रो शरीरमा विषाक्त पदार्थ निर्माण हुन थाल्छ । यहि कारण मिर्गौलामा अतिरित्त भार पर्छ ।

५. मिर्गौलामा आसपास रगत जमेको छ भने पनि मिर्गौलामा कार्यप्रणालीमा नराम्रो असर पर्छ ।

६. शरीरमा कुनैपनि प्रकारका संक्रमण भयो भने पनि मृगौलालाई असर गर्छ ।

७. अत्याधिक मात्रामा नसालु पदार्थ, मदिरा आदि सेवन गर्दा पनि मिर्गौलाले आफ्नो काम गर्न असमर्थ हुन्छ ।

८. विभिन्न प्रकारका एन्टिबायोटिक्स गोली लिंदा मिर्गौलामा हानी पुग्छ।


## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको,कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# षडयन्त्रमा रोजगारदाता कम्पनी

मिसन न्यूज
काठमाडौं

पछिल्लो समय रोजगादाता कम्पनीहरूको गतिविधि हेर्न हो भने कोषमा आवद्ध हुनभन्दा कोषलाई अस्थिर राख्न खोजिरहेको देखिन्छ ।




कोषलाई सक्रिय हुन नदिन रोजगारदाता कम्पनीहरू नै 'राजनीतिक खेल'मा लागेका पाइएको छ । यसै कारण जनताको सुरक्षाका लागि ल्याइएका कार्यक्रम असफल भएको श्रमिक नेताहरूको दाबी छ। नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठ श्रमिकको सुरक्षाका लागि सरकारले ल्याएको सामाजिक सुरक्षा कोषको कार्यक्रममाथि रोजगारदाताहरूले राजनीति गरिरहेको बताउँछन् । सार्वजनिक कार्यक्रममा सामाजिक सुरक्षा कोषका बारेमा सकारात्मक कुरा गरे पनि उनीहरू कोषमा आवद्ध नभएको अध्यक्ष श्रेष्ठको भनाइ छ। 'सामाजिक सुरक्षा कोषका विषयमा सरकार सूचना मात्र निकालेर बसेको छ। कोषको कार्यक्रममा नआउने रोजगारदातालाई कारबाही गर्ने हिम्मत गरेको छैन,' उनी भन्छन्, 'श्रमिकलाई शोषण गर्न नपाइने भएपछि सामाजिक सुरक्षा कोष बन्द गराउने खेलमा रोजगारदाता कम्पनीका नेताहरू नै लागिपरेका छन् ।' उनले यो विषयमा जिफन्टले अझै सशक्त आवाज उठाउने योजना पनि सुनाए ।

# नेपाल भ्रमणको भोक मेटिएको छैन

एजेन्सी
सिड्नी

अष्ट्रेलियन जो ५८ पटक आउँदा पनि उनलाई नेपाल भ्रमणको भोक मेटिएको छैन। अष्ट्रेलियाको इनरवेल्थ टेक्नोलोजीका सिइओ क्रिस वाकर पछिल्लो २५ वर्षमा ५८ पटक नेपाल भ्रमणमा आएका छन्। 'पर्यटकको लागि घुमेर नअघाइने



मुलुक हो नेपाल, म त्यहाँ गएर कहिल्यै अघाइन, फेरि केही महिनामै जान्छु' उनले भने । अष्ट्रेलियाका पर्यटन व्यवसायी तथा लेखक समेत रहेका क्रिस वाकर नेपाल संसारकै रमणीय देश रहेको बताउँछन्। हरेक पटक उनी नेपाल जाँदा कोही न कोही अष्ट्रेलियन लिएर जाने गरेका छन्। नेपाल पुग्ने जो कोहीले पनि सुन्दर देशमा नयाँ भ्रमण अनुभव भएको भन्दै प्रशंसा गर्ने गरेको क्रिसले सुनाए । सन् १९७६ मा उच्च शिक्षा अध्ययन सकेर व्यवसायमा लागेका क्रिसले केही किताब पनि लेखेका छन् । त्यति मात्र होइन उनी उत्प्रेरणा बाचकका रुपमा समेत अष्ट्रेलियामा परिचित छन् । हिमाली भेगका स्थानीयको अतिथि सत्कारबाट समेत आफू प्रभावित भएको क्रिस बताउँछन्। 'पृथ्वीको एउटा रोमाञ्चक देशका रुपमा मैले नेपाललाई लिएको छु, प्रत्येक पटक जाँदा नयाँ अनुभवहरु थपिन्छन्, छुट्टै आनन्द मिल्छ' उनले भने 'साथीहरु एउटै देश कति पटक गइरहेको भन्छन् तर मलाई नेपाल घुमेर कहिल्यै पुग्दैन।' पछिल्लो १५ वर्षदेखि आफू पर्यटन व्यवसायमा जोडिएकाले पनि नेपाल आउजाउ बाक्लिएको हुन सक्ने उनी बताउँछन्। धार्मिक पर्यटकका लागि समेत नेपालको यात्रा अलौकिक रहने उनको अनुभव छ । हिमाली भेगको ट्रेकिङ गर्दा सुन्दर हिमालका दृष्यले मानसिक शान्ति मिल्ने उनको ठम्याई छ। 'नाम्चे बजारबाट देखिने हिराका हारझैं हिमाल र फेवातालमा देखिने माछापुच्छ्रेको छाँया मेरो मानसपटलमा रहिरहेको छ' उनले भने। पछिल्लो पटक नेपाल सरकारले भ्रमण वर्ष मनाइरहँदा उत्साहित देखिएका क्रिसले न्यु साउथवेल्सको संसद भवनमा आयोजित कार्यक्रममा नेपालको मुक्तकण्ठले प्रशंसा गरे ।

पर्यटन मन्त्री योगेश भट्टराई उपस्थित कार्यक्रममा क्रिसले नेपाल पुग्ने जो कोही पर्यटकले आफ्ना साथीभाइ इष्टमित्रलाई अर्को पटक भ्रमणको निम्तो दिने गरेको बताए । माथिल्लो मुस्ताङदेखि लोमान्थाङसम्मका रीतिरिवाजसँग पनि परिचित क्रिसले हिमाली भेगमा स्कुल निर्माणमा समेत सहयोगी भूमिका निर्वाह गरिरहेका छन्। क्रिसको कामना छ, 'सके र भ्याएसम्म अझै नेपाल पुग्ने छु र अरु अष्ट्रेलियनलाई पनि घुमाउने प्रयास गर्ने छु।'

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रियजनसँगको भेटघाटले सुरुआत रमाइलो रहनेछ। व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ। तर सोमवारदेखि फजुल खर्च र वादविवादले समस्या निम्त्याउन सक्छ। स्वास्थ्य कमजोर रहनेछ। मालमत्ता हराउने र अर्थ(अभावले सताउने समय छ। |
| वृष : | रोकिएको काम बन्नुका साथै नयाँ काम सुरु हुन सक्छ। प्रतिद्वन्द्वीहरूलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ। सोमवार र मंगलवार विश्वास दिलाएर धोका दिनेहरूले सताउलान्, साइनो गाँस्नेहरूसँग अलि सावधान रहनुपर्ला। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। |
| मिथुन : | प्रारम्भमा स्वास्थ्य कमजोर रहनाले अध्ययनमा समय दिन नसकिएला। काम बिग्रने चिन्ताले पनि सताउन सक्छ। सोमवारदेखि स्थितिमा सुधार आउनाले व्यापार र उद्योगमा फाइदा हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। शत्रु र रोग पनि परास्त हुनेछन्। |
| कर्कट : | प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। अरूलाई दिएको वचन पूरा गर्न नसक्दा समस्या देखापर्नेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्। सोमवार र मंगलवार पेटको खराबीले सताउन सक्छ। पढाइलेखाइमा ध्यान दिन नसकिएला। |
| सिंह : | प्रारम्भमा चिताएको काममा राम्रो सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने व्यवसायमा मनग्गे धनलाभ हुनेछ। तर सोमवारदेखि परिस्थिति प्रतिकूल बन्ने देखिन्छ। काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ। |
| कन्या : | सुरुमा आफ्नै कमजोरीले आत्मसम्मानमा प्रश्न उठ्न सक्छ, गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। मिहिनेत गर्दा सोमवार र मंगलवार आँटेको काम बन्नेछ। पुरुषार्थी कामले धन र मानसमेत दिलाउनेछ। छोटो समयमा लक्ष्य प्राप्त गर्न सकिनेछ। |
| तुला : | साता केही उतारचढावमाया रहनेछ। इच्छाशक्ति बढ्नाले नयाँ काम थालनी हुनेछ। आँटले लक्ष्य प्राप्त गर्न सकिनेछ। सरल जीवनशैलीले धेरैको मन लोभ्याउन सक्छ। तर सोमवारदेखि परिस्थिति अलि असहज बन्न सक्छ। विवादमा पछि हट्दै बोली(व्यवहारमा सजग रहनुहोला। |
| वृश्चिक : | प्रारम्भमा आकस्मिक खर्च बढ्नाले अर्थ अभावले सताउनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। सोमवारदेखि स्थितिमा सुधार आउनेछ भने आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। नयाँ काममा हात हाल्ने परिस्थिति जुट्नेछ। विशेष उपहारका साथै धनलाभ हुनेछ। |
| धनु : | सुरुमा आयआर्जन राम्रो हुनेछ। व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। सहयोगीहरू फेला पर्नेछन्। तर सोमवार र मंगलवार खर्च बढ्नेछ। केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। फजुल खर्चका बीच कामको बोझ बढ्न सक्छ। आफन्तहरू टाढा हुनेछन्। |
| मकर : | प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। कर्मयोगले समाजमा स्थापित गराउन सक्छ। विशेष जिम्मेवारी वा नोकरी प्राप्त हुन सक्छ। विशिष्ट व्यक्तिसँग मित्रता बढ्नेछ। परिश्रमअनुसार राम्रै फल पाइनेछ। |
| कुम्भ : | साताको प्रारम्भ र अन्त्य उतारचढावमाया रहनेछ । स्वास्थ्य कमजोर रहनुका साथै अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। अरूको स्वार्थमा उपयोग भइने सम्भावना देखिएकाले सजग रहनुहोला। अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ। |
| मीन : | प्रारम्भमा नसोचेको झमेला आउन सक्छ। आफन्त टाढिनेछन् भने अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। अर्थ-अभाव देखापर्न सक्छ। तापनि मिहिनेतले बिस्तारै चुनौती पार लगाउन सकिनेछ। बुधवारदेखि स्थितिमा निकै सुधार आउनेछ भने सुखदुःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। |

मिसन न्यूज
www.missionenews.com
२०७६ माघ ०८ गते बुधबार | 22 January 2020 Wednesday | अन्तिम पृष्ठ | ८

## महिनौदेखि उपप्रमुख...............

राजीनामा दिएर जानुहोस भनेको थिएँ,' उनले भने, 'त्यसबेला यो कुरा स्वीकार गर्नुभएन ।' सामाजिक सञ्जालमा नेपाली सार्वजनिक गरेको फोटाका आधारमा उनी अमेरिका गएको आशंका गरिएको छ। नगरपालिका प्रतिनिधिले सामाजिक सञ्जालमा उनको अवस्थाबारे सोध्दा कुनै जवाफ नआउने गरेको नगरप्रमुख शाहीले बताए । स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धिको आदेश, २०७४ को दफा ९ को उपदफा ३४ मा नगरपालिका प्रमुखले तीन दिनभन्दा बढी समयका लागि आफ्नो नगरपालिका क्षेत्र छाडी बाहिर जानुपर्दा उप-प्रमुखलाई कार्यभार सुम्पी जानुपर्नेछ भनी उल्लेख छ। तर उप-प्रमुखका विषयमा कुनै बुँदा नसमेटिएका कारणले पनि समस्या भएको नगर प्रमुख शाहीले बताए । २०७४ सालमा भएको स्थानीय निर्वाचनमा माओवादी केन्द्रबाट १८४३ मत ल्याएर विजयी भएकी थिइन् ।

## स्वदेशमै मनग्य.................

चलाए । अरुको देशमा काम गर्न पनि भने जस्तो सजिलो नहुने, समयमा पैसा पनि नपाइने, परिवारबाट टाढा बस्नुपर्ने कारण पनि आफुले साउदीमा गर्दै आएको काम छाडेको बताए । अहिले न्यौपानेले दैनिक ५ हजारदेखि ७ हजारसम्म कमाउन सफल भएका छन् ।

'न्यौपानेका अनुसार गाडी सिक्ने चाहाना त पहिलैबाट थियो । १२ वर्षको उमेरमा नेपालमै ट्याक्टरको खलासीमा काम गरे, साउले टयाक्टर चलाउन दिएन, घरको आर्थिक अवस्था निकै कमजोर थियो । टयाक्टरमा लागेर आफुलाई खान मात्र पुग्थ्यो । टयाक्टरमै काम गर्दै जाँदा उमेर बढ्दै गयो । १८ वर्षको पुगें, अनि सानैमा बिहे भयो, ट्याक्टरमा लागेर आफैंले खान नपुग्ने ठाउँमा बुढीलाई पाल्न त झनै कठिन भयो । अनि गाँउमा ३ प्रतिशत ब्याजमा पैसा निकालेर साउदी पुगें, साउदीमा गाडी सिक्ने अवसर मिल्यो', उनले भने । केवल काम मात्र सिकेर आएको बताउँदै उनले ५ वर्ष गरेको मेहेनतले आफ्नै देशमा केही गर्न सकिएको बताए । पहिले रोजागर नपाएकै कारण रोजगारको सिलसिलामा साउदी पुगेका न्यौपानेले अहिले घरकै खाना खाएर मनग्य आम्दानी गर्दै आएका छन् । उनले गाडी किनेर कर्णाली करिडोर र कालिकोटदेखि सुर्खेतलगायतका ठाँउमा संचालनमा ल्याई आफुलगायत एक दुई जनालार्ई पनि रोजगार दिएका छन । फेरि कमाई राम्रो हुन थालेपछि अर्को गाडी पनि खरिद गरी थप दुई जनालाई रोजगारी दिई आम्दानी गरिहेका छन् । उनका अनुसार अहिले मासिक दुई लाखदेखि तिन लाखसम्म आम्दानी हुने गरेको छ । २७ वर्षका न्योपानेलाई अहिले सबैले मेहनती भनेर चिन्दछन् । 'गाडी खरिद गरी दुई वर्षमै दुई वटा घडेरी र घरखर्च चलाइरहेको छु', उनले भने, 'मलाई यहाँसम्म पुराउने मेरो मेहनत र सिपले हो ।' नेपालमा बाहिरी मुलुकका व्यक्तिहरु आएर उस्ता कार्य गर्न सक्छन् भने हामीले हाम्रै देशमाजस्तो कार्य पनि गर्न सकिन्छ भन्ने उदाहरण न्यौपानेले दिएका छन् । हामीले गर्न सक्नु पर्छ अम्दानी हाम्रै देशमा रहेको छ ।

## मगर सांस्कृतिक..................

चन्दा सहयोग गरी १ करोड ५० लाख संकलन भएको बताए। विद्युतीय भर्‍याङसहितको पाँचतले भवनमा प्रादेशिक मगर संग्रहालय, पार्टी प्यालेस, पुस्तकालय, मगर संघको प्रशासनिक भवन, संघअन्तर्गतका भ्रातृ संस्थाका कार्यालय, बुद्ध पूजा कक्ष र सभाहल रहनेछन् । भवन परिसरमा जग्गा दाता जहरसिंह थापाको अर्धकदको प्रतीमासमेत राखिने भएको छ ।

## खस भाषामा.......................

गाउँपालिकाले जनाएको छ । पाठ्यपुस्तकमा समेटिएका ऐतिहासिक, पर्यटक, धार्मिक सम्पदा र रैथाने बालीको परिचय, महत्वलाई खस भाषाबाट झल्काइएको छ ।

तातोपानी गाउँपालिकामा रहेका धार्मिक, पर्यटन, कृषि र जडीबुटी विषयलाई पाठ्यपुस्तकमा समावेश गरिएको उनको भनाई छ । तातोपानी गाउँपालिका वडा नम्बर ५ श्रीनगरस्थित कालिका आधारभुत विद्यालयका प्रधानाध्यापक छायादत्त खत्रीका अनुसार गाउँपालिकाले स्थानीय खस भाषामा यहाँका पर्यटकीय तथा धार्मिक सम्पदा र स्थानीय रैथाने कृषिजन्य बस्तु समटिएको पाठ्यपुस्तकले बालबालिकालाई ज्ञान हासिल गर्ने मौका मिलेको बताए । यस्तै चन्दननाथ नगर पालिकाले समेत खस भाषामा पाठ्क्रम निर्माण सुरु गरेको छ ।

**रातको समस्यामा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौँ। घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउँको ढाक्ने प्रबन्ध मिलाऔं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**'भष्ट्राचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com